# नेपालमा वित्तीय पहुँचको स्थिति

## संक्षिप्त अध्ययन

नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग

२०७६ फागुन

# प्राक्कथन

२०७६ कात्तिकमा प्रथम पटक प्रकाशन गरिएको वित्तीय पहुँच सम्बन्धी प्रतिवेदनमा लघुवित्त, बीमा, पूँजी बजार र सहकारी समेतको तथ्याङ्क समावेश गरी यो परिमार्जित संस्करण प्रकाशन गरिएको छ ।

बैंकिङ्ग सेवामा सबै नेपालीको पहुँच सुनिश्चित गर्ने नीति अनुरुप यस बैंकले वित्तीय पहुँच विस्तारमा जोड दिदै आएको छ । यसै क्रममा पछिल्लो समयमा बैंक तथा वित्तीय संस्थाहरुको शाखा विस्तार तीव्र रुपमा भइरहेको छ । गत एक वर्षको अवधिमा मात्र बैंक तथा वित्तीय संस्थाका २ हजार भन्दा बढी शाखा थपिएका छन् । कुल ७५३ स्थानीय तहहरुमध्ये ७४५ तहहरुमा वाणिज्य बैंकहरुका शाखा पुगिसकेका छन् । यसैगरी प्रति बैंक शाखा जनसंख्या उल्लेख्य रुपले घट्दै गएको छ भने बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेप खाता संख्या कुल जनसंख्या भन्दा बढी रहेको अवस्था छ । यस पृष्ठभूमिमा प्रस्तुत अध्ययनले मुख्यतया बैंक तथा वित्तीय संस्थामा निक्षेप खाता रहेको जनसंख्याको आधारमा वित्तीय पहुँचको स्थिति मापन गरेको छ ।

नेपाल राष्ट्र बैंकका अतिरिक्त अन्य विभिन्न संस्थाहरुबाट वित्तीय पहुँच सम्बन्धी अध्ययन तथा विश्लेषण हुँदै आएको छ । यी अध्ययनहरुले समेत नेपालमा वित्तीय पहुँच बढ्दै गएको देखाएका छन् । वित्तीय पहुँचका विविध सूचक भएको परिप्रेक्ष्यमा यस अध्ययनले बैंक तथा वित्तीय संस्थामा निक्षेप खाता भएको जनसंख्यालाई वित्तीय पहुँचको एउटा मानकको रुपमा लिएको छ । यसका लागि वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुमा रहेका नेपालीको तीनपुस्ते विवरणलाई विश्लेषण गरी एक व्यक्तिको एक भन्दा बढी रहेका खाताहरुलाई हटाएर एक व्यक्ति एक खाता हेर्दा करिब १ करोड ८० लाख निक्षेप खाता संख्या देखिएको छ । यो संख्या नेपालको कुल जनसंख्याको ६०.९ प्रतिशत हुन आउँछ । यसले नेपालमा कम्तीमा ६०.९ प्रतिशत जनसंख्यामा बैंकिङ्ग पहुँच पुगेको देखाएको छ । त्यसैगरी, लघुवित्त वित्तीय संस्थामा ४२ लाख र बचत तथा ऋण सहकारीमा ६५ लाख सदस्य आवद्ध भएका छन् । यसका अतिरिक्त बीमा सेवाको पहुँच ५५ लाख जनसंख्यामा पुगेको छ भने धितोपत्रको प्राथमिक बजारमा १५ लाख र दोस्रो बजारमा २ लाख जति आवद्ध भएका छन् ।

प्रस्तुत अध्ययनबाट वित्तीय पहुँचको पछिल्लो स्थितिको पहिचान हुन सकेकोले वित्तीय क्षेत्रमा चासो राख्ने सबैका लागि उपयोगी हुने विश्वास लिएको छु । अध्ययन सम्पन्न गर्न महत्वपूर्ण योगदान पुऱ्याउनु हुने यस विभागका निर्देशकद्वय डा. रामशरण खरेल र श्री दीर्घ बहादुर रावल तथा उप-निर्देशक श्री नन्द कुमार ढकाल र सहायक निर्देशक श्री मित्रप्रसाद तिम्सिना लगायत मौद्रिक तथा पूँजी बजार शाखाका सबै अधिकृत तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी, अध्ययन सम्पन्न गर्न तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने नेपाल धितोपत्र बोर्ड, बीमा समिति, सहकारी विभाग लगायत बैंक तथा वित्तीय संस्थाहरु प्रति आभार व्यक्त गर्दछु ।

डा. गुणाकर भट्ट
कार्यकारी निर्देशक

# विषय सूची

१. परिचय १
२. नेपालमा वित्तीय पहुँच मापन सम्वन्धी विगतका अध्ययनहरु १
३. वित्तीय पहुँचको मापन २
३.१. बैकिङ्ग क्षेत्र २
३.२. लघुवित्त वित्तीय संस्था ७
३.३. बीमा ९
३.४. पुँजी बजार १०
३.५. सहकारी क्षेत्र १२
४. निष्कर्ष १३
सन्दर्भ सामग्री १४

# नेपालमा वित्तीय पहुँचको स्थिति
## संक्षिप्त अध्ययन

## १. परिचय

१.१. नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय वित्तीय सेवा पुर्‍याउनु केन्द्रीय बैंकको एक महत्वपूर्ण उद्देश्य हो । यसको लागि केन्द्रीय बैंकले एकातिर वित्तीय संस्थाहरुको सेवा विस्तारको साथै सेवाको गुणस्तर अभिवृद्धिमा ध्यान दिएको हुन्छ भने अर्कोतर्फ नागरिकमा वित्तीय साक्षरता लगायत वित्तीय सेवा उपयोग अभिवृद्धि गर्न जानकारीमूलक र चेतनामूलक कार्यक्रमहरु सञ्चालनमा ल्याएको हुन्छ ।

१.२. सामान्यतया वित्तीय पहुँचको मापनबाट नागरिकको वित्तीय सेवामा पहुँचको स्तर पहिचान हुन्छ । वित्तीय सेवामा नागरिकको पहुँच पुग्न वित्तीय संस्थाहरुको विस्तार हुनुको साथै वित्तीय उपकरणहरुको उपलब्धता हुनु आवश्यक छ । नागरिकमा वित्तीय सेवाको उपयोग गर्ने चाहना र आवश्यकता दुबै हुनु पर्दछ । अर्थात् वित्तीय पहुँच सुनिश्चित हुन वित्तीय सेवाको आपूर्ति र माग दुबै पक्ष सुदृढ हुन जरुरी छ ।

१.३. वित्तीय पहुँचको आँकलनमा मुलुकको कुल जनसंख्या र बैक शाखा अनुपात हेर्ने प्रचलन रहेको छ । यो अनुपात घट्दै गएमा वित्तीय पहुँच बढ्दै गएको अनुमान गरिन्छ । यस वाहेक वित्तीय उपकरणहरु खासगरी निक्षेप र कर्जाको खाता संख्या तथा डेबिट कार्ड र क्रेडिट कार्ड आदिको उपयोगको विश्लेषणबाट पनि वित्तीय पहुँचको मापन गर्ने प्रचलन रहेको छ ।

१.४. प्रस्तुत अध्ययनमा नेपालमा वित्तीय पहुँचका सम्बन्धमा विगतमा भएका अध्ययनहरुको नतिजाको समीक्षा गर्दै जनसंख्या प्रति बैंक शाखा, प्रदेशगत बैंक तथा वित्तीय संस्थाको उपस्थिति, स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति र नेपाली नागरिकका व्यक्तिगत निक्षेप खाता संख्याको आधारमा वित्तीय पहुँचको मापन तथा विश्लेषण गरिएको छ । अध्ययन सम्पन्न गर्न मूलतः सबै वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुमा रहेको निक्षेप खाताहरुको विवरण संकलन गरी नागरिकले खाता खोल्दा बैंकमा पेश गर्ने तीन पुस्ते विवरणको आधारमा एक व्यक्तिको एक मात्र निक्षेप खाता आँकलन गरिएको छ । यसबाहेक लघुवित्त वित्तीय संस्था, बीमा, पुँजी बजार र सहकारीले वित्तीय पहुँचमा पुर्‍याएको योगदान समेत समीक्षा गरिएको छ ।

१.५. यो अध्ययन विशेषगरी वित्तीय पहुँचको मापनमा केन्द्रित रहेको छ । अध्ययनको दोस्रो खण्डमा विगतमा भएका अध्ययनहरुका आधारमा वित्तीय पहुँचको स्थिति मापन सारांशमा प्रस्तुत गरिएको छ । तेस्रो खण्डमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त विवरणको आधारमा वित्तीय पहुँचको स्थिति मापन गरिएको छ । त्यसैगरी, लघुवित्त वित्तीय संस्था, बीमा, पुँजी बजार र सहकारीको पहुँच पनि मापन गरिएको छ । चौंथो खण्डमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## २. नेपालमा वित्तीय पहुँच मापन सम्वन्धी विगतका अध्ययनहरु

२.१. नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ का अनुसार ४० प्रतिशत घरपरिवार ३० मिनेट भित्र वाणिज्य बैंकमा पुग्न सक्ने स्थिति रहेको छ । तर ग्रामीण र शहरी क्षेत्रमा वित्तीय पहुँचमा उच्च भिन्नता देखिएको छ । शहरी क्षेत्रमा ८९ प्रतिशत जनता ३० मिनेट भित्र नजिकको वाणिज्य बैंक शाखामा पुग्न सक्छन् भने ग्रामीण क्षेत्रमा २७ प्रतिशत जनता मात्र यो समयमा नजिकको वाणिज्य बैंक शाखामा पुग्ने स्थिति रहेको छ । एक घण्टा भित्र वाणिज्य बैंक पुग्न सक्ने घरपरिवार तराई क्षेत्रमा ७५ प्रतिशत,

पहाडमा ४५ प्रतिशत र हिमालमा १७ प्रतिशत रहेको छ । वाणिज्य बैंकमा पुग्न लाग्ने औसत समय शहरी क्षेत्रमा १६ मिनेट र ग्रामीण क्षेत्रमा १३५ मिनेट रहेको छ ।

२.२. उक्त सर्वेक्षणका अनुसार करिब २० प्रतिशत घरपरिवारले मात्र बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिएको देखिएको छ ।

२.३. सन् २०१४ मा सम्पन्न FinScope Survey अनुसार नेपालका कुल वयस्कहरुमध्ये ४० प्रतिशतको बैंक सेवामा पहुँच रहेको देखिएको छ । उक्त सर्वेक्षण अनुसार शहरी क्षेत्रका ५६ प्रतिशत र ग्रामीण क्षेत्रका ३६ प्रतिशत वयस्कहरुको बैंकिङ्ग सेवामा पहुँच रहेको देखिएको छ ।

२.४. विश्व बैंकको Global Findex Database अनुसार सन् २०१७ मा १५ वर्ष भन्दा बढी उमेरका ५० प्रतिशत पुरुष र ४२ प्रतिशत महिला गरी औसतमा ४५ प्रतिशत नेपालीको बैंक खाता रहेको देखिएको छ । सो विवरण अनुसार प्राथमिक वा सो भन्दा कम शिक्षा आर्जन गरेका व्यक्तिहरुको समूहमध्ये ४२ प्रतिशतको र माध्यमिक तह वा सो भन्दा बढी शिक्षा आर्जन गरेका व्यक्तिहरुको समूहमध्ये ५९ प्रतिशतको बैंक खाता रहेको देखिएको छ ।

२.५. यस बैंकले अघिल्लो वर्ष गरेको संघीय संरचनामा लघुवित्त सेवाको पहुँच सम्बन्धी अध्ययन अनुसार ८१ प्रतिशत घरपरिवार आधा घण्टा भन्दा कम समयमा कुनै न कुनै वित्तीय संस्थामा पुग्न सक्ने स्थिति देखिएको छ ।

# ३. वित्तीय पहुँचको मापन

## ३.१. बैंकिङ्ग क्षेत्र

### बैंक तथा वित्तीय संस्थाको संख्या र शाखा विस्तार

३.१.१. बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने नीति अवलम्वन गर्न थालिए यताको करिव एक दशकको अवधिमा वैक तथा वित्तीय संस्थाहरुको संख्या घट्दै गएको छ । सो अनुसार २०७१ असारमा बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०४ रहेकोमा २०७५ असारमा १५१ मा झरेको छ भने केही नयाँ लघुवित्तीय संस्थाहरुको इजाजत थपिएकोले २०७६ पुसमा १६४ पुगेको छ (चार्ट ३.१) ।

चार्ट ३.१ : **बैंक तथा वित्तीय संस्थाको संख्या**




स्रोत : नेपाल राष्ट्र बैंक

३.१.२. बैंक तथा वित्तीय संस्थाको संख्या घट्दै गएतापनि कायम रहेका बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार भने तीव्र गतिमा भइरहेको छ । विगत ४ वर्षको अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या दोब्बर भई २०७६ पुसमा ९३९४ पुगेको छ । २०७५ असारमा बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ६६५० रहेको थियो (चार्ट ३.२)।




स्रोत : नेपाल राष्ट्र बैंक

## बैक शाखा र जनसंख्या अनुपात

३.१.३. बैंक तथा वित्तीय संस्थाहरुको शाखा विस्तारसँगै प्रति बैंक शाखाबाट सेवा प्राप्त गर्नसक्ने जनसंख्याको औसत आकार क्रमशः घट्दै गएको छ । २०७५ असार मसान्तमा प्रति बैंक तथा वित्तीय संस्थाहरुको शाखाले औसत ४३३४ जनसंख्यालाई सेवा पुऱ्याउन सक्ने अवस्था रहेकोमा २०७६ असार मसान्तमा यस्तो संख्या ३३६३ मा झरेको छ (चार्ट ३.३) ।




स्रोत : नेपाल राष्ट्र बैंक

३.१.४. प्रदेशगत रुपमा प्रति बैंक शाखा जनसंख्या अनुपात सबैभन्दा कम गण्डकी प्रदेश र सबैभन्दा बढी कर्णाली प्रदेशमा देखिएको छ (तालिका ३.१) ।

**तालिका ३.१**

**प्रदेशगत प्रतिशाखा जनसंख्या**

| प्रदेश | कुल शाखा | जनसंख्या* | प्रतिशाखा जनसंख्या |
|---|---|---|---|
| प्रदेश १ | १,४५६ | ५,०६८,१४४ | ३,४८१ |
| प्रदेश २ | १,२२३ | ६,०३९,५४३ | ४,९३८ |
| वागमती | २,२३१ | ६,१७९,५८३ | २,७७० |
| गण्डकी | १,१९० | २,६८६,३८१ | २,२५७ |
| प्रदेश ५ | १,७०४ | ५,०२८,२७९ | २,९५१ |
| कर्णाली | ३५४ | १,७५५,०६२ | ४,९५८ |
| सुदूर पश्चिम | ६४७ | २,८५२,६३२ | ४,४०९ |
| **कुल/औसत** | **८,८०५** | **२९,६०९,६२३** | **३,३६३** |

स्रोत : नेपाल राष्ट्र बैंक, * केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको प्रदेशगत तथ्याङ्कको हिस्साका आधारमा गणना गरिएको (सन् २०१९) ।

## स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति

३.१.५. सबै स्थानीय तहमा वाणिज्य वैंकहरुको कम्तीमा एक शाखा पुर्‍याउने नीति अनुरुप २०७६ पुस मसान्तसम्ममा ७४५ स्थानीय तहमा वाणिज्य बैंकहरुको शाखा विस्तार भएको छ । २०७५ असार मसान्तसम्म ६३१ र २०७४ असार मसान्तमा २९६ स्थानीय तहमा मात्र वाणिज्य बैकहरुका शाखा पुगेको थियो ।

३.१.६. २०७६ पुस महिनासम्ममा प्रदेश ५ का सबै स्थानीय तहहरुमा वाणिज्य बैंकहरुका शाखा पुगिसकेको छ भने सुदुर पश्चिम र वागमती प्रदेशका २/२ स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुग्न बाँकी रहेको छ । प्रदेश १, २, गण्डकी र कर्णाली प्रदेशका एक/एक स्थानीय तहमा बैंक शाखा पुग्न बाँकी रहेको देखिएको छ (तालिका ३.२) ।

**तालिका ३.२**

**स्थानीय तहमा वाणिज्य बैंकहरुको उपस्थिति**

| प्रदेश | स्थानीय तहको संख्या | वाणिज्य बैंकको उपस्थिति रहेका स्थानीय तह | | वाणिज्य बैंक पुग्न बाँकी स्थानीय तह |
|---|---|---|---|---|
| | | २०७५ असार | २०७६ पुस | |
| प्रदेश १ | १३७ | ११२ | १३६ | १ |
| प्रदेश २ | १३६ | १२२ | १३५ | १ |
| वागमती | ११९ | १०७ | ११७ | २ |
| गण्डकी | ८५ | ७४ | ८४ | १ |
| प्रदेश ५ | १०९ | ९९ | १०९ | ० |
| कर्णाली | ७९ | ५४ | ७८ | १ |
| सुदूर पश्चिम | ८८ | ६३ | ८६ | २ |
| **कुल** | **७५३** | **६३१** | **७४५** | **८** |

स्रोत : नेपाल राष्ट्र बैंक

## वित्तीय प्रविधि र वित्तीय सेवा विस्तार

३.१.७. पछिल्लो समयमा बैंक तथा वित्तीय संस्थाहरुका एटिएम संख्या उल्लेख्य वृद्धि हुँदै २०७६ असार मसान्तमा ३३१६ पुगेको छ । अघिल्लो वर्ष यो संख्या २७९१ रहेको थियो । त्यसैगरी डेविट कार्ड, क्रेडिट कार्डको प्रयोगमा समेत उल्लेख्य वृद्धि भएको छ (तालिका ३.३) ।

**तालिका ३.३**

**एटिएम, डेविट र क्रेडिट कार्ड संख्या**

| विवरण | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ |
|---|---|---|---|---|---|---|
| **संख्या** | | | | | | |
| एटिएम | १६५२ | १७२१ | १९०८ | २०८१ | २७९१ | ३३१६ |
| डेविट कार्ड | ४१३१२४२ | ४५३१७८७ | ४६५७१२५ | ४९८०९५८ | ५५४४२५३ | ६७०८५२१ |
| क्रेडिट कार्ड | ५७८९८ | ४३८९५ | ५२०१४ | ६८९६६ | १०४७२१ | १२३१४६ |
| **वृद्धिदर (प्रतिशत)** | | | | | | |
| एटिएम | | ४.२ | १०.९ | ९.१ | ३४.१ | १८.८ |
| डेविट कार्ड | | ९.७ | २.८ | ७.० | ११.३ | २१.० |
| क्रेडिट कार्ड | | -२४.२ | १८.५ | ३२.६ | ५१.८ | १७.६ |

स्रोत : नेपाल राष्ट्र बैंक

३.१.८. मोवाइल बैंकिङ्ग प्रयोगकर्ताको संख्या २०७३ मा १७ लाख ५५ हजार रहेकोमा २०७६ सम्ममा करिब ५ गुणाले वृद्धि भई ८३ लाख ४७ हजार पुगेको छ । यस अवधिमा इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ताको संख्या समेत ५ लाखबाट बढेर ९ लाख पुगेको छ । त्यसैगरी, शाखा रहित बैंकिङ्ग केन्द्रको संख्या पनि बढ्दै गएको छ (तालिका ३.४) ।

**तालिका ३.४**

**मोवाइल, इन्टरनेट र शाखा रहित बैंकिङ्ग सेवा**

| विवरण | २०७३ | २०७४ | २०७५ | २०७६ |
|---|---|---|---|---|
| मोवाइल बैंकिङ्ग प्रयोगकर्ताको संख्या | १७,५४,५६६ | २६,६९,७३२ | ५०,८६,०६९ | ८३,४७,१८७ |
| इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ताको संख्या | ५,१५,४६५ | ७८३७५१ | ८३४३०२ | ९१७३४४ |
| शाखा रहित बैंकिङ्ग केन्द्र | ८१२ | १००८ | १२८५ | १५३० |
| शाखा रहित बैंकिङ्ग केन्द्रका प्रयोगकताको संख्या | २,१३,०८४ | १,२७,००४ | १,३०,६६० | १,६८,३०७ |

स्रोत : नेपाल राष्ट्र बैंक

## निक्षेप र कर्जा खाता संख्या

३.१.९. बैंक तथा वित्तीय संस्थाको शाखा विस्तारसँगै यी संस्थाहरुमा निक्षेप र कर्जा खाताको संख्या उल्लेख्य रुपमा बढ्दै गएको छ । २०७६ असार मसान्तमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुमा गरी १४ लाख ४० हजार रहेको कर्जा खाता २०७६ पुसमा १४ करोड ९८ लाख पुगेको छ । २०७५ असार मसान्तमा यस्तो संख्या १३ लाख १ हजार रहेको थियो ।

३.१.१०. २०७६ असार मसान्तसम्ममा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुमा खोलिएका व्यक्तिगत निक्षेप खाताको संख्या २ करोड ७८ लाख ६७ हजार रहेकोमा २०७६ पुसमा ३ करोड ११ लाख पुगेको छ । २०७५ असार मसान्तमा यस्तो संख्या २ करोड ३५ लाख ४५ हजार रहेको थियो (चार्ट ३.४) ।




स्रोत : नेपाल राष्ट्र बैंक

## निक्षेप खाताको आधारमा वित्तीय पहुँचको मापन

३.१.११. व्यक्तिले बैंक तथा वित्तीय संस्थाहरुमा निक्षेप खाता खोलेको आधारमा पनि वित्तीय पहुँचको मापन गर्न सकिन्छ । यो विधि अवलम्बन गर्दा सबै निक्षेप खाता गणना गर्नुको साथै एक व्यक्तिको एक भन्दा बढी निक्षेप खाता भएमा सो दोहोरोपना हटाउनु आवश्यक हुन्छ ।

३.१.१२. २०७६ जेठ मसान्तमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुमा स्वदेशी र विदेशी गरी कुल २ करोड ७८ लाख ६७ हजार अर्थात कुल जनसंख्याको ९४.१ प्रतिशत निक्षेप खाता रहेको छ । यी बैंकहरुमा नागरिकले खाता खोल्दा पेश गर्ने तीन पुस्ते विवरणको आधारमा एक व्यक्तिको एक भन्दा बढी निक्षेप खाता र विदेशी नागरिकको निक्षेप खाता हटाउदा करिब १ करोड ८० लाख नागरिकको व्यक्तिगत बचत खाता कायम हुन आउछ ।

३.१.१३. सो अनुसार वि.सं. २०७६ मा नेपालको जनसंख्या २ करोड ९६ लाख रहेको अनुमान[1] गर्दा ६०.९ प्रतिशत नेपाली नागरिकको कम्तीमा एक निक्षेप खाता रहेको पाइएको छ । यसले नेपालको कुल जनसंख्याको कम्तिमा ६०.९ प्रतिशतको बैंकिङ्ग पहुँच रहेको देखाएको छ ।

**तालिका ३.५**

**निक्षेप खातामा पहुँचको अवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जनसंख्या | २ करोड ९६ लाख | - |
| २ | कुल बैंक खाता | २ करोड ७८ लाख | - |
| ३ | कम्तिमा एक खाता भएको जनसंख्या | १ करोड ८० लाख | ६०.९ |

स्रोत : नेपाल राष्ट्र बैंक र केन्द्रीय तथ्याङ्क विभाग ।

1 https://cbs.gov.np/population-projection-2011-2031/ (Medium Variant)

## ३.२. लघुवित्त वित्तीय संस्था

३.२.१. २०७६ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाको संख्या ९० रहेको छ । २०७५ असार मसान्तमा यस्तो संख्या ६५ रहेको थियो । २०७६ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाका शाखा संख्या ३६२९ पुगेको छ । २०७५ असार मसान्तमा यस्तो संख्या २४४९ रहेको थियो । २०७६ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाको उपस्थिति ७७ जिल्लामा नै पुगेको छ ।

**तालिका ३.६**

**लघुवित्त वित्तीय संस्थाका संख्या, शाखा र सेवा केन्द्र**

| असार | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ |
|---|---|---|---|---|---|
| संस्थाको संख्या | ३९ | ४२ | ५३ | ६५ | ९० |
| संस्थाको शाखा संख्या | १११६ | १३७८ | १८९५ | २४४९ | ३६२९ |
| कुल केन्द्र संख्या | ७७६१६ | १००७९४ | १३२३५५ | १७२७८८ | २७४१८६ |

स्रोत : नेपाल राष्ट्र बैंक

३.२.२. २०७६ फागुन १५ मा देशका कुल ७५३ मध्ये ५८० स्थानीय तहमा लघुवित्त वित्तीय संस्थाको उपस्थिति पुगेको छ ।

**तालिका ३.७**

**स्थानीय तहमा लघुवित्त वित्तीय संस्थाहरुको उपस्थिति**

| प्रदेश | स्थानीय तहको संख्या | स्थानीय तहको संख्या | पुग्न बाँकी स्थानीय तह |
|---|---|---|---|
| प्रदेश १ | १३७ | १०४ | ३३ |
| प्रदेश २ | १३६ | ११२ | २४ |
| वागमती | ११९ | ९५ | २४ |
| गण्डकी | ८५ | ७० | १५ |
| प्रदेश ५ | १०९ | ९५ | १४ |
| कर्णाली | ७९ | ४७ | ३२ |
| सुदूर पश्चिम | ८८ | ५७ | ३१ |
| **कुल** | **७५३** | **५८०** | **१७३** |

स्रोत : नेपाल राष्ट्र बैंक

३.२.३. २०७६ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाका कुल ९ लाख २७ हजार समूह, ४३ लाख २८ हजार सदस्य र २६ लाख ७९ हजार ऋणी रहेका छन् । लघुवित्त वित्तीय संस्थाका सदस्य संख्या, कुल बचतकर्ता र ऋणीको देशको कुल जनसंख्यासँगको अनुपात क्रमश १४.६ प्रतिशत, १४.६ प्रतिशत र ९.१ प्रतिशत रहेको छ ।

तालिका ३.८

## लघुवित्त वित्तीय संस्थाका सदस्य, बचतकर्ता र ऋणी संख्या

| (लाख, असार) | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ |
|---|---|---|---|---|---|
| कुल सदस्य संख्या | १५.४९ | १८.९९ | २३.३८ | २८.५६ | ४३.२८ |
| कुल बचतकर्ता संख्या | १५.२१ | १८.७३ | २३.६९ | ३०.१० | ४३.२४ |
| कुल ऋणी संख्या | १०.८१ | १२.९६ | १५.७६ | १८.५३ | २६.७९ |
| कुल समूह संख्या | ३.०५ | ३.६७ | ४.५५ | ५.६२ | ९.२७ |

स्रोत : नेपाल राष्ट्र बैंक

३.२.४. लघुवित्त वित्तीय संस्थाहरुको बचत र लघुउद्यम कर्जाको वृद्धिसँगै कुल कर्जासँगको अनुपात वृद्धि भइरहेको छ । २०७६ असार मसान्तमा यस्तो अनुपात क्रमश ३६.४ प्रतिशत र १४.१ प्रतिशत रहेको छ ।




स्रोत : नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्थाको प्रदेशगत उपस्थिति

३.२.५. बैंक तथा वित्तीय संस्थाहरुको प्रदेशगत उपस्थिति २०७६ पुस मसान्तमा वागमती प्रदेशमा सबैभन्दा बढी २४३२ शाखा रहेका छन् भने कर्णाली प्रदेशमा ३७२ शाखा रहेका छन् ।

तालिका ३.९

## बैंक तथा वित्तीय संस्थाको प्रदेशगत उपस्थिति

| | बाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघुवित्त वित्तीय संस्था | कुल |
|---|---|---|---|---|---|
| प्रदेश १ | ६५६ | १७५ | ४० | ६६५ | १५३६ |
| प्रदेश २ | ४७० | ९७ | ३१ | ७१७ | १३१५ |
| वागमती | १४०० | ३६२ | ८९ | ५८१ | २४३२ |
| गण्डकी | ४७१ | २४५ | २९ | ५१४ | १२५९ |
| प्रदेश ५ | ५७८ | ३२० | ३३ | ८६९ | १८०० |
| कर्णाली | १६६ | २१ | ४ | १८१ | ३७२ |
| सुदूर पश्चिम | २७० | ७३ | ३ | ३३४ | ६८० |
| कुल | ४,०११ | १,२९३ | २२९ | ३,८६१ | ९,३९४ |

स्रोत : नेपाल राष्ट्र बैंक

## ३.३. बीमा

३.३.१. २०७६ असार मसान्तमा बीमा कम्पनीको संख्या ४० रहेको छ । २०७५ असार मसान्तमा ३९ रहेको थियो । बीमा कम्पनीको उपस्थिति ७७ वटै जिल्लामा रहेको छ ।

**तालिका ३.१०**

### बीमा कम्पनीको संख्या

| बीमा | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|
| जीवन | ९ | १८ | १९ |
| निर्जीवन | १७ | २० | २० |
| पुनर्बीमा | १ | १ | १ |
| **जम्मा** | **२७** | **३९** | **४०** |

स्रोत : बीमा समिति

३.३.२. बीमा कम्पनीहरुको शाखा संख्या समेत उल्लेख्य विस्तार भएको छ । आर्थिक वर्ष २०७३/७४ मा ६०० रहेको जीवन बीमा कम्पनीको शाखा संख्या आर्थिक वर्ष २०७५/७६ मा १६५४ पुगेको छ । यसरी हेर्दा जीवन बीमा कम्पनीको एक शाखाले सेवा दिनसक्ने औसत जनसंख्या करिब १८ हजार रहेको छ ।

**तालिका ३.११**

### बीमा कम्पनीको शाखा संख्या

| बीमा कम्पनी | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|
| जीवन | ६०० | १०३८ | १६५४ |
| निर्जीवन | ४६४ | ७७० | १०२१ |
| पुनर्बीमा | ० | १ | १ |
| **जम्मा** | **१०६४** | **१८०९** | **२६७६** |

स्रोत : बीमा समिति

३.३.३. आर्थिक वर्ष २०७५/७६ मा जीवन बीमा अभिकर्ताको संख्या ५ लाख ४६ हजार रहेको छ । अघिल्लो वर्ष यस्तो संख्या ३ लाख ८७ हजार रहेको थियो । यस आधारमा आर्थिक वर्ष २०७५/७६ मा एक अभिकर्ताले ५४ जना नेपाली नागरिकलाई बीमा सुविधा दिनसक्ने अवस्था रहेको छ ।

३.३.४. आर्थिक वर्ष २०७५/७६ मा बीमामा आवद्ध भएको जनसंख्या ५५ लाख ४५ हजार रहेको छ । अघिल्लो वर्ष यस्तो संख्या ४३ लाख ४४ हजार रहेको थियो । २०७५ असार मसान्तमा देशको १४ प्रतिशत जनसंख्या जीवन बीमामा आवद्ध भएकोमा २०७६ असार मसान्तमा १९ प्रतिशत पुगेको छ ।

चार्ट ३.६ : **बीमामा आवद्ध भएको जनसंख्या (प्रतिशत)**




स्रोत : बीमा समिति

## ३.४. पुँजी बजार

३.४.१. २०७६ असार मसान्तसम्ममा धितोपत्र बजारको कारोबार सञ्चालनमा नेपाल स्टक एक्सचेन्ज लिमिटेड, केन्द्रीय निक्षेप केन्द्र, २ क्रेडिट रेटिङ्ग एजेन्सी तथा २१५ सूचीकृत कम्पनीहरु रहेका छन् ।

३.४.२. २०७६ असार मसान्तमा शेयर दलालको संख्या ५० रहेको छ । त्यसैगरी मार्जिन लेण्डिङ्ग कारोबार गर्ने स्वीकृति लिएका संस्थाको संख्या २१ रहेको छ ।

**तालिका ३.१२**

**धितोपत्र बजारको विवरण**

| क.सं. | विवरण | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|
| १ | नेप्सेमा सूचीकृत कम्पनीको संख्या | १९६ | २१५ |
| २ | शेयर दलालको संख्या | ५० | ५० |
| ४ | आस्वामा आवद्ध बैंक तथा वित्तीय संस्थाको संख्या | ६४ | ६५ |
| ६ | आस्वामार्फत् प्राथमिक बजारमा लगानी गर्न सकिने जिल्लाको संख्या | ७७ | ७७ |
| ७ | मार्जिन लेण्डिङ्ग कारोबार गर्ने स्वीकृति लिएका संस्थाको संख्या | ० | २१ |
| ८ | क्रेडिट रेटिङ्ग एजेन्सीको संख्या | २ | २ |

स्रोत : नेपाल धितोपत्र बोर्ड

३.४.३. २०७६ असार मसान्तमा आस्वामार्फत् प्राथमिक बजारमा ७७ जिल्लाबाट लगानी हुनसक्ने व्यवस्था रहेको छ । आस्वामा आवद्ध बैंक तथा वित्तीय संस्थाको संख्या ६५ र यसरी आवद्ध भएका बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ४६८७ पुगेको छ ।

तालिका ३.१३

## धितोपत्र बजारका सहभागीहरु

| प्रदेश | संख्या (२०७६ असार मसान्त) | | | | | |
|---|---|---|---|---|---|---|
| | केन्द्रीय निक्षेप केन्द्र | क्रेडिट रेटिङ्ग एजेन्सी | धितोपत्र दलाल सदस्य र शाखा | आश्वा सदस्यका शाखा | मर्चेन्ट बैंक/शाखा संख्या | हितग्राहीको संख्या |
| प्रदेश १ | ० | ० | १४ | ७३७ | २ | २५५,३३९ |
| प्रदेश २ | ० | ० | ५ | ५११ | १ | ११४,८९४ |
| वागमती | १ | २ | ५७ | १४६० | ३३ | ८०४,७१६ |
| गण्डकी | ० | ० | ९ | ६५८ | १ | १६८,९०४ |
| प्रदेश ५ | ० | ० | ९ | ८१९ | २ | १४३,९४७ |
| कर्णाली | ० | ० | १ | १८५ | ० | २२,९३६ |
| सुदूर पश्चिम | ० | ० | २ | ३१७ | ० | ४६,७११ |
| **कुल** | **१** | **२** | **९७** | **४६८७** | **३९** | **१,५५७,४४७** |

स्रोत : नेपाल धितोपत्र बोर्ड

३.४.४. २०७६ असार मसान्तमा हितग्राही खाताको संख्या १५ लाख ५७ हजार पुगेको छ । यस्तो संख्या २०७५ असार मसान्तमा १२ लाख ७७ हजार रहेको थियो । यीमध्ये ६१.२ प्रतिशत पुरुष, ३८.५ प्रतिशत महिला र ०.३ प्रतिशत संस्था रहेको छन् ।

तालिका ३.१४

## डिम्याट खाता, प्राथमिक र दोस्रो बजारमा लगानी गर्नेको संख्या

| क.सं. | विवरण | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|
| १ | डिम्याट खाताको संख्या | १२७७०१२ | १५५७४४७ |
| २ | प्राथमिक बजारमा लगानी गर्नेको संख्या (CRN जारी भएको प्रमाणका आधारमा) | ५५४५२६ | ८४८८३४ |
| ३ | दोस्रो बजारमा लगानी गर्नेको संख्या | २०२२५३ | २०१०७५ |

स्रोत : नेपाल धितोपत्र बोर्ड

३.४.५. आर्थिक वर्ष २०७५/७६ मा प्राथमिक बजारमा लगानी गर्नेको संख्या (CRN जारी भएको आधारमा) ८ लाख ४९ हजार पुगेको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो संख्या ५ लाख ५५ हजार रहेको थियो ।

३.४.६. आर्थिक वर्ष २०७५/७६ मा दोस्रो बजारमा लगानी गर्नेको संख्या २ लाख १ हजार रहेको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो संख्या २ लाख २ हजार रहेको थियो ।

३.४.७. २०७६ असार मसान्तमा रहेको हितग्राही खाता र देशको कुल जनसंख्याको अनुपात ५.३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ४.४ प्रतिशत रहेको थियो ।

## ३.५. सहकारी क्षेत्र

३.५.१. सहकारी संस्थाहरुको संख्या क्रमिक रुपमा बढ्दै आर्थिक वर्ष २०७५/७६ मा ३४७३७ पुगेको छ । यीमध्ये बचत तथा ऋण सहकारी संस्थाको संख्या १३९१७ पुगेको छ (तालिका ३.१२) ।

**तालिका ३.१५**

**सहकारी संस्थाको संख्या**

| सहकारीको संख्या | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|
| कुल सहकारीको संख्या | ३२६६३ | ३३५९९ | ३४५१२ | ३४७३७ |
| बचत तथा ऋण सहकारीको संख्या | १३४६० | १३७६९ | १३५७८ | १३९१७ |

स्रोत : सहकारी विभाग

३.५.२. कुल ३४७३७ सहकारी मध्ये सबैंभन्दा धैरै ३३.३ प्रतिशत सहकारी वागमती प्रदेश र सबैंभन्दा न्यून ६.३ प्रतिशत कर्णाली प्रदेशमा रहेका छन् ।

३.५.३. कुल १३९१७ बचत तथा ऋण सहकारीमध्ये ४४.४ प्रतिशत वागमती प्रदेश र सबैंभन्दा न्यून ३.८ प्रतिशत कर्णाली प्रदेशमा रहेका छन् ।

**तालिका ३.१६**

**सहकारी संस्थाहरुको प्रदेशगत विवरण**

**(प्रतिशत हिस्सा)**

| २०७६ असार | कुल सहकारीको संख्या | बचत तथा ऋण सहकारीको संख्या |
|---|---|---|
| प्रदेश १ | १५.७ | १४.२ |
| प्रदेश २ | १३.५ | १२.१ |
| वागमती | ३३.३ | ४४.४ |
| गण्डकी | ११.० | ११.१ |
| प्रदेश ५ | १२.८ | ९.६ |
| कर्णाली | ६.३ | ३.८ |
| सुदूर पश्चिम | ७.३ | ४.७ |
| **जम्मा** | **१००.०** | **१००.०** |

स्रोत : सहकारी विभाग

३.५.४. २०७६ असार मसान्तमा सहकारीमा रहेका सदस्यहरुको संख्या ६५ लाख पुगेको छ । २०७५ असार मसान्तमा ६३ लाख सदस्य रहेका थिए । २०७६ असार मसान्तमा कुल जनसंख्यामा सहकारीमा रहेका सदस्य संख्याको अनुपात २२ प्रतिशत पुगेको छ ।

३.५.५. २०७६ असार मसान्तमा बचत तथा ऋण सहकारी संस्थामा ३३ लाख ८९ हजार सदस्य रहेका छन् । २०७५ असार मसान्तमा यस्तो संख्या ३४ लाख रहेको थियो ।

तालिका ३.१७

## सहकारी संस्थाका सदस्य संख्या र कारोबार विवरण

| विवरण | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|
| कुल सहकारी सदस्य संख्या (लाखमा) | ५१ | ६० | ६३ | ६५ |
| बचत संकलन (रु. अर्बमा) | २०३ | २९६ | ३०२ | ३४६ |
| ऋण परिचालन (रु. अर्बमा) | १८८ | २९० | २७४ | ३३३ |
| बचत तथा ऋण सहकारी सदस्य संख्या (लाखमा) | २७ | ३३ | ३४ | ३४ |
| बचत संकलन (रु. अर्बमा) | १४५ | २१४ | २१८ | २३९ |
| ऋण परिचालन (रु. अर्बमा) | १३६ | १८९ | १८० | १९४ |

स्रोत : सहकारी विभाग

# ४. निष्कर्ष

४.१. नेपालमा वित्तीय पहुँच तीब्र रुपमा बढ्दै गएको छ । बैंक तथा वित्तीय संस्थाहरुको संख्यात्मक वृद्धिसँगै शाखा विस्तार र वित्तीय प्रविधिको प्रयोग बढ्दै गएकोले वित्तीय पहुँच विस्तार हुँदै गएको हो ।

४.२. २०७६ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाका प्रतिशाखा जनसंख्या करिब ३३०० मा आइपुगेको छ भने निक्षेप खाता २ करोड ७८ लाख र कर्जा खाताको संख्या १४ लाख ४० हजार पुगेको छ ।

४.३. एक करोड असी लाख नेपाली नागरिकको कम्तीमा एक निक्षेप खाता रहेको देखिएको छ । करिब ६५ लाख सहकारी संस्थामा, ४२ लाख लघुवित्त वित्तीय संस्थामा र ५५ लाख बीमामा आवद्ध भएको देखिन्छ ।

४.४. नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुमध्ये वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरु गरी ६०.९ प्रतिशत नेपाली नागरिकको कम्तिमा एक निक्षेप खाता रहेको छ । साथै, करिब २२ प्रतिशत जनसंख्याको सहकारी संस्थामा, १४ प्रतिशतको लघुवित्त वित्तीय संस्थामा र १९ प्रतिशतको बीमामा आवद्धता देखिएको छ । त्यसैगरी, धितोपत्र बजार अन्तर्गत हितग्राही खाता संख्या र कुल जनसंख्याको अनुपात ५.३ प्रतिशत रहेको छ ।

## सन्दर्भ सामग्री

केन्द्रीय तथ्याङ्क विभाग, (२०११). "नेपाल जीवनस्तर सर्वेक्षण-तेस्रो २०६६/६७", नेपाल सरकार ।

नेपाल राष्ट्र बैंक, (२०७५). "संघीय संरचनामा लघुवित्त सेवाको पहुँच तथा संरचना", नेपाल राष्ट्र बैंक ।

UNCDF. (2015). FinScope Survey Highlights, Kathmandu: UNCDF.

World Bank Group. (2017). The Global Findex Database.